आज मिति २०७८।२।१० गतेका दिन यस दार्मा गाउँपालिका अध्यक्ष श्री निम बहादुर के.सी. ज्यूको अध्यक्षतामा कार्यपालिका बैठक प्रारम्भ गरियो।

**उपस्थिति**

(१) श्री निम बहादुर के.सी. अध्यक्ष
(२) श्री टिका शर्मा वली – उपाध्यक्ष
(३) श्री वसुन्धरा पुन प्रमुख प्रशासकीय अधिकृत
(४) श्री कवि कुमार चन्द – वडा अध्यक्ष वडा नं. १
(५) श्री डिल्ली बहादुर के.सी. ,, ,, २
(६) श्री रतिराम रोकाया ,, ,, ३
(७) श्री चन्द्र बहादुर रावत ,, ,, ४
(८) श्री राम बहादुर के.सी. ,, ,, ५
(९) श्री दुर्गा बहादुर मल्ल ,, ,, ६
(१०) श्री अमृता कामी कार्यपालिका सदस्य
(११) श्री सन्तराम कामी ,, ,,
(१२) श्री मञ्जु शाही ,, ,,
(१३) श्री जुना मल्ल चन्द ,, ,,
(१४) श्री देवी खत्री ,, ,,
(१५) श्री धनिराम नेपाली ,, ,,
(१६) श्री जित बहादुर वली खरिदार
(१७) श्री निलेश कुमार ई. अ.
(१८) श्री दिपक कुवर – लेखापाल
(१९) श्री इन्द्र ब. भण्डारी [illegible]

प्रस्तावहरु

(१) एम्बुलेन्स सञ्चालन कार्यविधि सम्बन्धमा ।
(२) जिल्ला दररेट संशोधन सम्बन्धमा ।
(३) पालिका अस्पताल सम्बन्धमा ।
(४) स्वास्थ्य चौकी र सामुदायिक स्वास्थ्य इकाईको स्तरवृद्धि सम्बन्धमा ।
(५) डोजर अपरेटरको विज्ञापन सम्बन्धमा ।
(६) गा.पा. स्तरीय रंगशाला निर्माण सम्बन्धमा ।
(७) गिट्टी, बालुवा बोलपत्र आह्वान सम्बन्धमा ।
(८) समपुरक/विशेष अनुदान र सशर्त अनुदान माग सम्बन्धमा ।
(९) शिक्षा समितिको निर्णय अनुमोदन सम्बन्धमा ।
(१०) औषधि तथा डि-फ्रिज खरिद सम्बन्धमा ।
(११) गाउँघर क्लिनिक भवन निर्माण सम्बन्धमा ।
(१२) मर्मत संभार कोष सम्बन्धमा ।
(१३) अनुदान सम्बन्धमा ।
(१४) भवन माग सम्बन्धमा ।
(१५) सूचना आह्वान सम्बन्धमा ।
(१६) अनुगमन समिति गठन सम्बन्धमा ।
(१७) योजना छनोट सम्बन्धमा ।
(१८) जग्गाको लागी सूचना सम्बन्धमा
(१९) घर भाडा सम्बन्धमा ।
(२०) आर्थिक सहयोग सम्बन्धमा
(२१) डि.पि.आर. सम्बन्धमा ।
(२२) बजेट माग गर्ने सम्बन्धमा ।
(२३) पुल हेराल्नु सम्बन्धमा ।
(२४) उपभोक्ता समिति व्यवस्थापन तथा सञ्चालन कार्यविधि

नि.नं.(१) प्रस्ताव १मा छलफल एम्बुलेन्स संचालन तथा व्यवस्थापन कार्यविधि २०७६ सर्वसहमतिले पारित गरियो।

नि.नं.(२) प्रस्ताव नं.२मा छलफल गर्दा आ.व.२०७६/७७को जिल्ला दररेटमा अदक्ष ज्यामीलाई प्रतिदिन रु ६२५।- कायम गरी अन्यलाई सोही बमोजिम लागु गर्ने निर्णय सर्वसहमतिले पारित गरियो।

नि.नं.(३) प्रस्ताव नं. ३मा छलफल गर्दा दार्मा गाउँपालिका वडा नं.३मा रहेको फाइलाचौरमा ७रोपनी जग्गामा दार्मा गाउँपालिका, जिल्ला समन्वय समिति सल्यान र कर्णाली प्रदेश सरकारको संयुक्त लगानीमा प्रसुतिगृह भवन निर्माणाधिन अवस्थामा रहेको हुँदा र सेवा क्षेत्रमा करिब १२००घर धुरी रहेको दार्माको गाउँपालिकाको केन्द्रमा रहेको, सामुदायिक स्वास्थ्य इकाई सञ्चालनमा रहेको हुँदा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट पालिका हस्पिटलको लागी आवश्यक जनशक्ति माग गर्ने निर्णय पारित गरियो।

नि.नं.(४) प्रस्ताव नं. ४मा छलफल गर्दा यस दार्मा गाउँपालिकाभित्र का स्वास्थ्यचौकीहरुको स्तरवृद्दि गर्नुका साथै ढाकाडाम र दार्माकोट स्वास्थ्य चौकीमा ल्याव सेवा सञ्चालनका लागी ल्याव सामग्री र तिनवटै स्वास्थ्य चौकीमा जनशक्ति व्यवस्थापन र सामुदायिक स्वास्थ्य इकाई को दर्ताका लागी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा माग गर्ने निर्णय पारित गरियो।

नि.नं.(५) प्रस्ताव नं ५मा छलफल गर्दा यस गाउँपालिकाको लागी १जना डोजर अपरेटर पदमा विज्ञापन आह्वान गर्ने निर्णय पारित गरियो।

नि.नं.(६) प्रस्ताव नं. ६मा छलफल दार्मा गाउँपालिका वडा नं.६ मा स्थित ज्यामिरेचौरमा सहिद स्मृति रंगशाला निर्माणका लागी युवा तथा खेलकुद मन्त्रालयमा माग गर्ने निर्णय गरियो।

नि.नं.(७) प्रस्ताव नं. ७मा छलफल गर्दा आ.व.२०७६/७७ का लागी गिट्टी, बालुवा, ढुङ्गाको लागी बोलपत्र आह्वान गर्ने निर्णय पारित गरियो।

नि.नं.(८) प्रस्ताव नं. ८ मा छलफल गर्दा तपसिल बमोजिम योजना योजना तथा कार्यक्रम तपसिल बमोजिम निकायमा माग गर्ने निर्णय पारित गरियो।

तपसिल (समपुरक कोष - प्रदेश सरकार)

(१) झुल्नेटा ढाकाडाम्कोट, साङटा, झ्यारीवाङ फारुला तिमिलकाडा सडक

(२) खनघारी, घरवारी, सुर्योदय एम.वि लिफ्ट खानेपानी आयोजना

(३) जुगेपानी नल छहरे काफल्नेटा लिफ्ट खानेपानी आयोजना दार्मा-५

~~(४)~~ विशेष अनुदान - प्रदेश सरकार

(१) प्रसुति गृह भवन निर्माण दार्मा-३ फाइनाच्यौर

सशर्त अनुदान तर्फ

(१) मौलोढाने फारुला दार्माकोट नुवाकोट सडक

(२) कुनजलुकेनी कमलपोखरी लिफ्ट खानेपानी

(३) दार्मा गाउँपालिकाको ~~प्रश~~ प्रशासनिक भवन

निर्णय नं (९) प्रस्ताव नं ९मा छलफल गर्दा मिति २०७७।२।१०को गाउँशिक्षा समितिको निर्णय अनुमोदन गरियो।

नि.नं १०) प्रस्ताव नं १० मा छलफल गर्दा औषधि खरिदको लागी विनियोजित रु १५ लाखको औषधि खरिद र डि. फ्रिजको लागी विनियोजित रु ५लाखको ४० हजारको डिफ्रिज खरिद गर्ने निर्णय पारीत गरियो।

नि.नं. ११) प्रस्ताव नं. ११ मा छलफल गर्दा सशर्त अनुदानतर्फको रकम रु३,६८,०००।-को गाउँघर बिल निर्माणका लागी दार्मा गाउँपालिका अन्तर्गत वडा नं. ५को कागुतो हाल्ने भन्ने ठाउँमा निर्माण गर्ने निर्णय पारीत गरियो।

नि.नं (१२) प्रस्ताव नं १२ मा छलफल गर्दा कन्टेन्जेन्सी खर्च बापत जम्मा हुने ५% मध्ये १% रकम मर्मत सम्भार कोषमा जम्मा गर्ने निर्णय पारीत गरियो।

नि नं (१३) प्रस्ताव नं १३मा ~~छल~~ छलफल गर्दा आ.व. २०७७।७८को वार्षिक बजेटको मर्मत सम्भार शिर्षकबाट रु ४लाख सबुज गाउँ क्लिनवर्क ब्यारेक सस्थानलाई अनुदान दिने निर्णय पारित गरियो।

नि.नं (१४) प्रस्ताव नं. १४ मा छलफल गर्दा दार्मा गा.पा. वडा नं. ४ राताभाटमा २८रोपनी जग्गा भएको, ल्याब सहितको स्वास्थ्य चौकी सञ्चालनमा आएको, १२०० घरधुरी भएको गा.पा केन्द्रबाट टाढा रहेको सडक र पानीको व्यवस्था भएकोले सो ठाउँमा अस्पताल भवन निर्माणको लागी शहरी विकास मन्त्रालयमा माग गर्ने निर्णय पारीत

गरियो।

निर्णय नं (१५) प्रस्ताव नं १५मा छलफल गर्दा सहकारी सिंचाई साना सिंचाई मर्मत सम्भार तथा निर्माण सम्बन्धी प्रस्ताव आह्वान र भकारो सुधार कार्यक्रम संचालनक्षेत्र छनोटका लागी सूचना प्रकाशन गर्ने निर्णय पारीत गरियो।

निर्णय नं (१६) प्रस्ताव नं १६मा छलफल गर्दा गरिब घरपरिवार लाई वितरण गरिने सोलारको लागी अनुगमन गर्न तपसिल बमोजिम समिति गठन गर्ने निर्णय गरियो।

तपसिल
(१) गा.पा उपाध्यक्ष - संयोजक
(२) सम्बन्धित वडा अध्यक्षले तोकेको व्यक्ति - सदस्य
(३) कार्यपालिका सदस्य - अमृता कामी - सदस्य
(४) योजना शाखा प्रमुख - "

नि नं. (१७) प्रस्ताव नं.१७मा छलफल गर्दा दार्मा गाउँपालिका स्थित फारुलाखोला आर.सि.सि पुल र स्वालीखोला आर.सि.सि. पुल निर्माणका लागी श्री सबुज गन सिमबर्ड ब्याटेलाई लागत अनुमान सहित प्राप्त भएर कार्यान्वयनका लागी आवश्यक सहयोग गर्ने निर्णय पारित गरियो।

नि नं. (१८) प्रस्ताव नं १८ मा छलफल गर्दा औद्योगिक ग्राम निर्माणका लागी कार्यविधि अनुरुप गा.पा.भित्र उपयुक्त स्थानमा ४० रोपनी जग्गाको लागी दातादाताहरुको लागी सूचना प्रकाशन गर्ने निर्णय पारीत गरियो।

नि नं (१९) प्रस्ताव नं १९मा छलफल गर्दा स्टोर प्रयोजनका लागी उपयुक्त हुने कम्तीमा तीनकोठा र प्राङ्गणका पर्याप्त ठाउँभएको घर भाडामा लिन सूचना प्रकाशन गर्ने निर्णय पारीत गरियो।

नि नं (२०) प्रस्ताव नं २० मा छलफल गर्दा दार्मा गा.पा. वडा नं ३ निवासी क्यान्सर पिडित एकक बहादुर चन्द लाई रु१५०००।- र दार्मा १ निवासी मृगौला पिडित नर बहादुर नेपालीलाई रु१५०००।- आर्थिक सहयोग उपलब्ध गराउने निर्णय पारीत गरियो। साथै दार्मा-३ बस्ने मृगौला रोगी टोप ब. वलीलाई समेत रु१५०००।- आर्थिक सहयोग उपलब्ध गराउने निर्णय समेत पारीत गरीयो।

नि. नं. (२१) प्रस्ताव नं. २१मा छलफल गर्दा सहिद स्मृति रंगशाला दार्मा-६, ६,५ लाख, गाउँपालिका अस्पताल दार्मा-४ ६१० लाख र श्री जनज्योति मा. वि. नमुना विद्यालय दार्मा -३ ६८ लाखमा डि. पि. आर. गर्ने निर्णय पारीत गरियो।

नि. नं. (२२) प्रस्ताव नं. २२मा छलफल गर्दा दार्मा गा.पा. १मा नालेखोला लघुविद्युत निर्माणका लागी प्रदेश सरकार समक्ष माग गर्ने निर्णय पारीत गरियो।

नि. नं. (२३) प्रस्ताव नं. २३मा छलफल गर्दा दार्मा गा.पालिका को पुल हेरालुहरुलाई खाइपाई आए अनुसार रकम मर्मत सम्भार कोषबाट उपलब्ध गराओ निर्णय पारीत गरियो।

नि. नं. (२४) प्रस्ताव नं. २४ मा छलफल गर्दा उपभोक्ता समिति व्यवस्थापन तथा सञ्चालन कार्यविधि २०७८को नियम ५(ओ)(अ) मा भएको व्यवस्था, रु १० लाख भन्दा माथि निर्माण व्यवसायी मा जाने जाने व्यवस्था भएकोमा, सो ठाउँमा २० लाख सम्म संशोधन गर्ने निर्णय पारीत गरियो।